नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.

## कार्यालय प्रयोजनको लागि घरभाडा लिने सम्बन्धी ७ (सात) दिने सूचना

(दोस्रो पटक प्रकाशित सूचना मितिः २०७९/०३/२९)

प्रस्तुत विषयमा यस कार्यालयको कार्यालय संचालन प्रयोजनार्थ मिति २०७९/०३/०५ गतेमा प्रकाशित सूचना अनुसारको प्राप्त भएका शिलबन्दी निवेदन माथि घरहरुको प्राविधिक मूल्यांकन भई मिति २०७९/०३/२८ को प्राविधिक मूल्यांकन प्रतिवेदनमा मिति २०७९/०३/०५ गतेमा प्रकाशित सूचना अनुसारको उपर्युक्त घर नदेखिएको भनि प्रतिवेदनमा उल्लेख भएको हुँदा उक्त शिलबन्दी निवेदनमा मूल्यांकन हुन नसकेकोले दोस्रो पटकको लागि तपशील अनुसारको स्थानमा तपशील अनुसारको भवन भाडामा लिन पर्ने भएकोले इच्छुक घरधनी, फर्म, संघ/संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशीलः

१. कार्यालयलाई आवश्यक पर्ने घर नौमूलेको मुख्य सडकको वरिपरी वढीमा ३० (तीस) मिटर भित्र नजिकमा बाटोको सुविधा भएका कम्तिमा १६ (सोह्र) देखि २० (बीस) कोठा भएको हुनु पर्नेछ । उक्त घरको कोठाहरुको साइज न्यूनतम १०×१० फिटको हुनु पर्नेछ ।

२. प्रशस्त्र मात्रामा पानी, बिजुली, शौचालय भएको हुनुपर्नेछ ।

३. पार्किङ्गको सुविधा भएको हुनुपर्नेछ ।

४. घरभाडा दिन ईच्छुक घरधनी, फर्म, संस्थाहरुले आफूले दिन चाहेको दररेट, कर सहितको अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गाधनी प्रमाणपुर्जा, मालपोत तिरेको रसिद, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि वा फर्म/संस्थाको हकमा फर्म दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर दर्ता लगायतका प्रमाणपत्रका फोटोकपीहरु स्वयमले प्रमाणित गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. घरभाडा रकम घरभाडा निर्धारण समितिले तोके अनुसारको हुनेछ र सो रकममा नियमानुसार लाग्ने करकट्टी गरी भुक्तानी दिइनेछ साथै नियमानुसारको पानी, बिजुलीको महशुल कार्यालयले भुक्तानी गर्नेछ ।

६. रीत नपुगी वा तोकिएको सुविधा भन्दा कम सुविधा भएको घरधनी, फर्म, संघ/संस्थाहरुबाट आउको निवेदन उपर कुनै कारबाही हुने छैन ।

७. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५ को नियम ९४ अनुसार वा प्रचलित नियमानुसार हुनेछ ।

८. विस्तृत विवरण वा जानकारी लिन परेमा यस कार्यालको Website वा कार्यालय समयमा आफै उपस्थित भई जानकारी लिन वा बुझ्न सकिनेछ ।

..........................

(रेशम बहादुर बुढा)

प्रमुख प्रशासकीय अधिकृत